शुद्धोदन गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड : ८ संख्या : ५ मितिः- २०८१/०७/२३ (अतिरितांक)

भाग — २

शुद्धोदन गाउँपालिका

मानपकड़ी, लुम्बिनी प्रदेश

# मानसिक तथा मनोसामाजिक समस्या प्रभावित व्यक्तिहरुको लागि विशेष सहयोग सम्वन्धी कार्यविधी २०८१

सम्बत २०८१ को कार्यविधि नं. ५ गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः २०८१/०७/२३

# मानसिक तथा मनोसामाजिक समस्या प्रभावित व्यक्तिहरुको लागि विशेष सहयोग सम्वन्धी कार्यविधी २०८१

## १) प्रस्तावना

व्यक्तिहरुको  भावनात्मक व्यावहारिक तथा अन्य खालका मानसिक स्वास्थ्य समस्या भएको विश्वव्यापी अध्ययनहरूले देखाएका छन् यस पृथ्वीमा रहेको जनसंख्याको लगभग १५ प्रतिशत मानिस साधारण वा कडा कुनै न कुनै मनोसामाजिक समस्या तथा मानसिक रोगबाट पीडित देखिन्छन् । मानसिक रोग शरीरको स्नायु प्रणालीको खराबीबाट उत्पन्न हुने रोग हो । मानसिक रोग जुनसुकै उमेर, समूह, वर्ण, धर्म जातजातिका मानिसहरुमा देखिन सक्छ । किशोर किशोरीलाई पनि मानसिक रोग लाग्न सक्छ । अहिले पनि धेरै किशोर किशोरीहरू आफूले मानसिक रोग तथा मनोसामाजिक समस्याको सिकार हुनु परिरहेको छ भन्ने थाहा पाएका छैनन् । यस बारेमा उनीहरुले जान्ने बुझ्ने माध्यमको समेत अभाव छ । मानसिक रोग तथा मनोसमाजिक समस्याको बारेमा खुलेर बोल्ने, छलफल गर्ने र समाधान गर्ने बाटो के हुन सक्छ भनेर खोजी गर्नेतर्फ धेरैको ध्यान जान सकेको छैन । मनोसामाजिक सहयोग मानसिक स्वास्थ्य समस्याको उपचार सम्भव भए पनि यस प्रति रहेको अज्ञानता र भ्रमको कारणले गर्दा समस्या लुकाउने वा गलत उपचार खोज्ने प्रवृत्ति हाम्रो समाजमा भएकोले मानसिक स्वास्थ्य समस्याको उपचार सम्भव छ तर धेरैलाई यसबारे ज्ञान छैन । यो समस्या लुकाउने, गलत उपचार गर्ने र यसको उपचार धामी झाँक्रीबाट खोज्ने चलन पनि छ । किशोर किशोरीलाई मानसिक रोग तथा मनोसमाजिक समस्या हुदाँ मनोसामाजिक सहयोग, मनोविमर्श साथै मनोचिकित्सक कहाँ  मनोसामाजिक  उपचार गरे उनीहरू पूर्णरूपले सक्षम भएर काम गर्न सक्छन ।

मानसिक स्वास्थ्य एक बहुआयामिक विषय हो । विश्वव्यापीरुपमा बढ्दै गइरहेको मानसिक समस्या नेपालमा पनि द्रुतगतिमा बढ्दै गइरहेको कुरा विभिन्न अनुसन्धानहरुवाट देखिन्छ। पछिल्ला दिनहरुमा लुम्विनी प्रदेशमा पनि मानसिक स्वास्थ्य समस्या बढ्दै जाँदा आत्महत्याका घटनाहरु पनि बढ्दै गएको देखिन्छ । यस प्रदेशमा आत्महत्याका कारण ०७९।०८० मा १३२९ जनाले ज्यान गुमाएका थिए जुन जनस्वास्थ्यका लागि ठूलो चुनौति हो । मानसिक स्वास्थ्य र सम्बृद्धिका लागि मानसिक स्वास्थ्य महत्त्वपूर्ण हुने भएकोले विभिन्न कार्यक्रमहरुको आवश्यकता सँगै मानसिक स्वास्थ्यमा पनि थप लगानी गर्नुपर्ने देखिन्छ ।

सबल मानसिक स्वास्थ्य तथा समृद्ध जीवनलाई पूर्णता दिनका लागि अत्यन्त महत्त्वपूर्ण विषयहरु हुन जसले मानिसको मनमा आएका विभिन्न प्रतिकूलतालाई न्यूनीकरण गरी उत्पादनशील कार्यमा लाग्न प्रेरित गर्दछन् हरेक मानिसले जीवन यापनका क्रममा कुनै न कुनै किसिमको चिन्ता, तनाव, हिनताबोध वा कुनै न कुनै मानसिक अस्वस्थताको अनुभव गरेका हुन्छन् । विश्व स्वास्थ्य संगठनका अनुसार १५ देखि २९ वर्ष उमेरमा हुने आत्महत्या मानिसको मृत्युको चौथो कारण बनेको छ, जसलाइ पराजित गरी हरेक मानिसलाई समान्य जीवनतर्फ लैजानु अत्यन्त जरुरी भइसकेको छ ।

नेपालको संविधान २०७२ को भाग ३ को धारा १६ मा प्रत्येक नागरिकले सम्मानपूर्वक बाँच्न पाउने हक, धारा १७ मा स्वतन्त्रताको हक र धारा १८ मा समानताको हकको व्यवस्था गरेको छ । धारा ३५ मा नागरिकको स्वास्थ्य सम्बन्धी हक सुनिश्चित गर्न आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने र स्वास्थ्य सेवामा समान पहुँच हुने हकको व्यवस्था समेत गरेको छ । यसैगरी जनस्वास्थ्य सेवा ऐन २०७५ को दफा ३ को उपदफा ४ (ङ) मा मानसिक स्वास्थ्य सेवालाई आधारभूत स्वास्थ्य सेवाको सूचीमा समावेश गरिएको छ । अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन २०७४ को परिच्छेद ७ मा मनोसामाजिक अपाङ्गता भएका व्यक्तिहरूको लागि स्वास्थ्य, पुनर्स्थापना सामाजिक सुरक्षा तथा मनोरञ्जनको व्यवस्था गरिएको छ । उक्त ऐनको दफा ३५ र ३६ ले मानसिक वा मनोसामाजिक अपाङ्गता भएका व्यक्तिका लागि थप सेवा सुविधाहरूको समेत सुनिश्चितता गरेको छ । राष्ट्रिय मानसिक स्वास्थ्य रणनीति तथा कार्ययोजना २७७ को लक्ष्य अनुसार नागरिकको मौलिक हकको रूपमा संविधान प्रदत्त स्वास्थ्य सेवा अन्तर्गत मानसिक स्वास्थ्य सेवामा सबैको सहज, सुलभ र समान पहुँच सुनिश्चित गर्न न्यायसङ्गत एवं जवाफदेही ढङ्गले मानसिक स्वास्थ्य तथा मनोसामाजिक सेवालाई प्राथमिक स्वास्थ्य सेवा प्रणालीमा एकीकृत गरी समयसापेक्ष विशिष्टिकृत मानसिक स्वास्थ्य सेवा उपलब्ध गराउने भनी उल्लेख गरिएको छ । दिगो विकास लक्ष्य (२०१६-२०३०) को लक्ष्य ३ मा सुस्वास्थ्य तथा समृद्ध जीवन अन्तर्गत सबै उमेर समूहका व्यक्तिका लागि स्वस्थ जीवन सुनिश्चित गर्दै समृद्ध जीवन प्रबर्धन गर्न मानसिक स्वास्थ्यलाई पनि प्राथमिकतामा राखी नसर्ने रोगबाट हुने मृत्यु एक तिहाइले कम गर्ने र लागु पदार्थ दुर्व्यसनीको रोकथाम, उपचार र पुनर्स्थापना गर्ने लक्ष्य राखिएको छ । नेपाल सयुक्त राष्ट्र संघको सदस्य एवं मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिहरूको पक्षधर रही हस्ताक्षर गरेको राष्ट्रको दायित्व स्वरुप मानसिक स्वास्थ्यको प्रवर्धन, जनचेतना तथा सेवाको विकास गर्नु अपरिहार्य भएको छ ।

## परिच्छेद -१

**प्रारम्भिक**

**संक्षिप्त नाम र प्रारम्भ** : (१) यस कार्यविधिको नाम **मानसिक तथा मनोसामाजिक समस्या प्रभावित ब्यक्तिहरुको लागि विशेष सहयोग सम्वन्धी कार्यविधी २०८१**" रहेको छ ।

(२) यो कार्यविधि तुरून्त प्रारम्भ हुनेछ ।

**परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा -

१) "कोष" भन्नाले मानसिक तथा मनोसामाजिक समस्या प्रभावित व्यक्तिहरुको लागि विशेष सहयोग कोषलाई सम्झनु पर्दछ ।

२) "कार्यविधि" भन्नाले मानसिक तथा मनोसामाजिक समस्या प्रभावित व्यक्तिहरुको लागि विशेष सहयोग सम्वन्धी कार्यविधी २०८१" सम्झनु पर्छ।

३) "गाउंपालिका अध्यक्ष" भन्नाले शुद्धोधन गाउंपालिकाको अध्यक्ष सम्झनु पर्छ ।

४ "गाउंपालिका उपाध्यक्ष" भन्नाले शुद्धोधन गाउंपालिकाको उपाध्यक्ष सम्झनु पर्छ ।

५) "पालिका" भन्नाले शुद्धोधन गाउंपालिका सम्झनु पर्छ ।

६) "न्यायिक समिति" यस शुद्धोधन गाउंपालिकाको न्यायिक समिति सम्झनु पर्छ ।

७) "मन्त्रालय" भन्नाले लुम्बिनी प्रदेश सरकारको बालबालिकाको विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ ।

८ "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले शुद्धोधन गाउंपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ

९)"युवा परीषद भन्नाले पालिकामा क्रियाशिल रहेको नगर वा गाउँपालिका युवा परीषदलाई सम्झनु पर्दछ

१०)"किशोर किशोरी संजाल वा ग्रजेयट फोरम भन्नाले पालिकामा संवाद कार्यक्रम पश्चात संगठीत रुपमा क्रियाशिल भएको संजाललाई सम्झनु पर्दछ ।

११) "बालबालिका" भन्नाले १८ वर्ष उमेर पूरा नगरेको व्यक्ति सम्झनु पर्छ ।

१२) "बालमनोविज्ञ वा समाजसेवी" भन्नाले ऐन बमोजिम पालिकामा सूचीकृत भएका वा सूचिकृत भइ नियुक्त भएको व्यक्ति सम्झनु पर्छ ।

(१३) "विशेष संरक्षणको आवश्यकता भएका बालबालिका" भन्नाले बालवालिका ऐनका बालबालिका सम्झनु पर्छ ।

१४) "सेवा प्रदायक निकाय" भन्नाले पालिका क्षेत्रभित्र सेवा प्रवाह गरिरहेका सरकारी कार्यालय, स्वास्थ्य संस्था, विद्यालय स्रोत केन्द्र, प्रहरी कार्यालय, अस्थायी संरक्षण सेवा केन्द्र, पुनःस्थापना केन्द्र, बाल गृह, बालबालिका खोजतलास सेवा तथा बाल हेल्पलाइन सेवा समेतलाई सम्झनु पर्छ ।

१५) "संस्था" भन्नाले बाल अधिकार प्रवर्द्धन तथा बालसंरक्षणका लागि प्रचलित कानुन बमोजिम दर्ता भई बालबालिका सम्बन्धि कार्यक्रम सञ्चालन गरिरहेका संघसंस्था, संगठन तथा सामुदायिक संस्थालाई सम्झनु पर्छ ।

## परिच्छेद- २

**उद्देश्य तथा सिद्धान्त**

**उद्देश्यः**

- मानसिक तथा मनोसामाजिक समस्यामा परेका ब्यक्तिहरुको पहिचान, लेखाजोखा , सहयोग र सिफारीसका लागि आवश्य सहकार्य गर्ने ।
- विपन्न तथा जोखिममा परेका ब्यक्तिहरुलाई मानसिक तथा मनोसामाजिक सहयोगको लागी विशिष्ट सहयोगको लागी सेवा पहुँच अभिवृद्धि गर्ने ।
- मानसिक तथा मनोसामाजिक समस्या परेका ब्यक्तिहरुको सहयोगलागि आवश्यकीय सहयोगको बातावरण सिर्जना गर्ने ।

## परिच्छेद ३

**मानसिक तथा मनोसामाजिक समस्या प्रभावित ब्यक्तिहरुको लागि विशेष सहयोग र दायित्व सम्बन्धी व्यवस्था** :

- मानसिक तथा मनोसामाजिक समस्याको पहिचान र लेखाजोखा गर्नु पर्ने ।
- मानसिक तथा मनोसामाजिक समस्या प्रभावित ब्यक्तिहरुलाई भावनात्मक सहयोग वा मनोविमर्श सहयोग प्रदान गर्नु पर्ने ।
- मानसिक तथा मनोसामाजिक समस्या प्रभावित ब्यक्तिहरु विशिष्टकृत सहयोगको सिफारीस गर्नु पर्ने ।

- मानसिक तथा सामाजिकको उच्च समस्यामा रहेकाहरुलाई वैकल्पीक हेरचाहको प्रवन्ध गर्नु पर्ने ।
- विशेष संरक्षणको आवश्यकता भएका तथा जोखिमी अवस्थामा रहेका मनोसामाजिक तथा समस्यामा परेका सेवाग्राहीहरुको गोपनियता सहितको दस्तावेजीकरण कायम गर्नु पर्ने ।

## परिच्छेद ४

### मानसिक तथा मनोसामाजिक समस्याको परिभाषा

**मनोसामाजिक सुस्वास्थ्य :**
कुनै पनि व्यक्ति एउटा समाजमा हुर्केको, बसेको हुन्छ र त्यस समाज प्रति उसको मन (भावना, विचार र सोचाई) समान ढङ्गको हुन्छ । यी दुई (मन र समाज) बीचको सम्बन्ध नै मनोसामाजिक सम्बन्ध हो । जब व्यक्तिको व्यवहार समाजले स्वीकार गर्दछ, तब त्यस व्यक्ति त्यस समाजमा राम्ररी समायोजन हुन सफल हुन्छ, जसले गर्दा व्यक्ति मनोसामाजिक रुपमा सुस्वस्थ हुन्छ ।

**मानसिक स्वास्थ्य :**
मानसिक स्वास्थ्य भन्नाले कुनै पनि व्यक्तिको त्यस्तो अवस्थालाई जनाउँछ जसमा व्यक्तिले आफ्ना क्षमतालाई पहिचान गर्न सक्दछ, जीवनका सामान्य तनावको सामना गर्न सक्दछ, उत्पादनशील तरिकाले काम गर्न सक्दछ र आफ्ना समुदायमा केही योगदान दिन सक्षम हुन्छ । - *(विश्व स्वास्थ्य सङ्गठन, २००१)* ।

**मनोसामाजिक समस्या :**
व्यक्ति र समाज बीच हुने अस्वस्थ अन्तरक्रियाले उत्पन्न हुने नकारात्मक भावना, सोचाई, धारणा र व्यवहारमा आउने परिवर्तनले व्यक्तिको शरीर, भावना, व्यवहार र सम्बन्धमा बिभिन्न समस्याहरु देखिन्छ भने त्यो नै मनोसामाजिक समस्या हो ।
व्यक्तिको मनोबैज्ञानिक तथा सामाजिक पक्षबीच हुने निरन्तर अन्तरक्रियामा तालमेल नमिल्दा उत्पन्न हुने भावनात्मक समस्यालाई मनोसामाजिक समस्या भनिन्छ, जसले व्यक्तिको **दैनिक क्रियाकलापमा** बाधा पुऱ्याउँछ ।

## परिच्छेद - ५

**वैकल्पिक हेरचाहको व्यवस्था तथा सहयोग तथा सिफारीस सम्वन्धी ब्यवस्था :**
मानसिक तथा मनोसामाजिक समस्या प्रभावित व्यक्तिहरुको लागि विशेष सहयोग कोषवाट कडा खाले मानसिक समस्या भएका रोगीलाई मानव सेवा आश्रम लगाएतको अन्य निकायमा वैकल्पीक हेरचाहको लागी व्यवस्थापन गर्न पर्ने छ यसरी वैकल्पीक हेरचाहको लागी पालिकाका सम्वन्धी शाखाले पालिका तथा सिफारीस तथा सहयोग सयन्त्र निर्माण गर्नु पर्ने छ । यसलाई नियमिति रुपमा अध्यावधी गर्दै लैजानु पर्ने छ । यो प्रकारको सहयोग तथा सिफारीस सयन्त्रको लागी पालिकाका सवै वडाहरुमा जानकारी गर्नु पर्ने हुन्छ ।

## परिच्छेद - ६

### प्रभावित व्यक्तिहरुको गर्न सकिने सहयोगका प्रकार

मानसिक तथा मनोसामाजिक समस्या प्रभावित व्यक्तिहरुको लागि विशेष सहयोग कोष वाट समुदायका ग्रजुयट फोरक वालक्लव, किशोर किशोरी संजाल ,आपसी सहयोग समुह, हेल्थपोष्ट, वडा कार्यालय, विद्यालय, टोल विकास संस्था, महिला स्वास्थ्य स्वमसेवीका वा अन्य सामुदायिक संरचनावाट सिफारीस भएका मनोसामाजिक तथा मानसीक समस्या भएका विपन्न सिमान्तकृत, खास गरी किशोर किशोरीहरुलाई पालिकाको मनोविमर्शको सहयोगले मात्र नभई मनोचिकित्सकीय सहयोग तथा विशिष्ट खाले मनोविमर्श सहयोगको लागी औषधी खर्च, परीक्षण खर्च, स्वास्थ्य जाचँ खर्च, अस्पताल जादाँ आउदाँको सार्वजनिक यातायात खर्च, विशेष परीस्थितीमा एम्वुलेस खर्च, खाना खाजा वा आवास खर्चको लागी वैठकको निर्णय वा अनमोदन हुनेगरि खर्च गर्न सक्ने छ ।

१) कुनै एक व्यक्तिलाई वढीमा दुई पटक भन्दा वढी यो कोषवाट सहयोग प्राप्त गर्ने सक्ने छैनन्
२) प्रति व्यक्ति वढीमा दुई पटक सम्म १५००० (पन्ध्र हजार) भन्दा बढी खर्च गर्न मिल्ने छैन भुक्तानी विल भरपाई अनुसार हुने छ ।
३) कोषको सहयोग प्राप्त गर्ने व्यक्ति सिफारीस गर्दा विपन्न सिमान्तकृत ,महिला ,यौनीक तथा लैगिंक अल्पसंख्यक, किशोरी, वालवालिका तथा दलित समुदायलाई विशेष प्राथमिकतामा राख्नु पर्ने छ ।
४) कोषको खर्च गर्दा मानसिक चिकित्सकीय उपचारको लागि वा मनोविमर्शकर्ता सहयोगको लागि मात्र कोषको रकम खर्च गर्नु पर्ने छ ।

५) कोषको लागि खर्च गर्नको लागि सिफारीस गर्नेको सिफारीस फारममा स्पष्ट नाम हस्ताक्षर र सेवाग्राहीको विवरण , संयोजकको टिप्पणी र मनोविमशकर्ता वा गाउंपालिका स्वास्थ्य शाखा प्रमुखको हस्ताक्षर अनिवार्य आवश्य पर्ने छ ।

६) समितिले सेवाग्राहीलाई खर्चको लागि पेश्की रकम उपलब्ध गराउन सक्ने छ भने उपचार पश्चात सम्पुर्ण कागजात सहित समितिमा निवेदन दिनु पर्ने छ ।

कोषको रकम तालिम, गोष्ठी, बैठक भत्ता, भ्रमण तथा अनुगमन एवं प्रशासनिक कार्य र सचेतनाका कार्यक्रम आदिमा खर्च गर्न पाइने छैन ।

## परिच्छेद -७

### मानसिक तथा मनोसामाजिक समस्या प्रभावित व्यक्तिहरुको लागि विशेष  सहयोग कोषको स्थापना, सञ्चालन तथा व्यवस्थापन

**क) कोषको स्थापना :**

मानसिक तथा मनोसामाजिक समस्या प्रभावित व्यक्तिहरुको लागि विशेष सहयोगको लागी निम्न अनुसारले कोष स्थापना गर्न सकिने छ ।

क) सहयोगी निकाय, साझेदार संस्था, वा दातृ निकायले वैकंमा जम्मा गरिएको अनुदान,

ख) पालिकाले वार्षिक रुपमा योजना तर्जुमावाट विनीयोजन गरीएको रकम,

ग) अन्य सामुदायिक संघ संस्था, आपसी सहयोग समुह, संजाल वा ब्यक्तिले समितिको खातामा जम्मा गरी दिएको रकम ,

घ) वैकवाट प्राप्त ब्याज ।

**ख) कोषको संचालन :**

कोष संचालनको लागी देहाय वमोजिकको ५ जनाको समिति निर्माण हुने छ ।

संयोजक : उपाध्यक्ष

सदस्य : स्वास्थ्य शाखा प्रमुख

सदस्य : महिला वालवालिका तथा जेष्ठ नागरीक शाखा प्रमुख

सदस्य : लैगिंक हिंसा निगरानी समितिको संयोजक (वडा तथा पालिका कुनै एक समिति वाट)

सदस्य : पालिकामा कार्यरत मनोसामाजिक मनोविमर्शकर्ता

उल्लेखीत समितिकोले मानसिक तथा मनोसामाजिक समस्या प्रभावित व्यक्तिहरुको लागि विशेष  सहयोग कोषको स्थापना व्यवस्थापन र संचालनको जिम्मेवारी पुर्णरुपमा लिईने छ ।

**ग) कोषको ब्यवस्थापन :**

कोषको व्यवस्थापनको लागी समितीको निर्णय अनुसार वैंक खाता संचालन गर्नु पर्ने छ । हरेक वैठकमा खर्च तथा आम्दानी सम्वन्धी प्रस्ताव राखी निर्णय समेत गर्नु पर्ने छ भने हरेक आर्थिक वर्षमा आम्दानी खर्चको संक्षिप्त प्रतिवेदन सम्वन्धीत सरोकारवाला वा समितिका सदस्यहरुलाई उपलब्ध गराउनु पर्नेछ । कोषलाई व्यवस्थीत तथा प्रभावकारी रुपमा संचालन गर्नको लागी तिन जना मध्ये दुई जनाको हस्ताक्षरवाट खाता संचालन हुने गरी पायक पर्ने वैंकमा मानसिक तथा मनोसामाजिक समस्या प्रभावित व्यक्तिहरुको लागि विशेष  सहयोग समितिको नाममा खाता संचालन गर्नु पर्ने छ, खाता निम्न वमोजिकको सयुक्त हस्ताक्षरवाट संचालन हुने  छ ।

संयोजक : गाउंपालिका उपाध्यक्ष

सदस्य : स्वास्थ्य शाखा प्रमुख

सदस्य : मनोविमर्शकर्ता

माथी उल्लेखीत खाता संचालनको लागी समितिको वैठकले व्यक्ति उल्लेख गरी निर्णय गरी सके पश्चात संचालन हुने ।

## परिच्छेद -८

**कोषको व्यवस्थापन र दायित्त्व**

मानसिक तथा मनोसामाजिक समस्या प्रभावित व्यक्तिहरुको लागि विशेष  सहयोग कोषको स्थापना , संचालन तथा व्यवस्थापनको सम्पुर्ण दायित्त्व हालको लागी समितिको हुनेछ भने यसको समिक्षा पश्चात पालिकाको विधायन समितिले आवश्यक समिक्षा गरी कार्यपालिकामा पेश गरी कार्यान्वयनमा ल्याउने छ । कार्यविधी अनुसारको  सहयोग प्राप्त सेवाग्राहीहरुको सक्षिप्त प्रगति समितिको वैठकमा संयोजकको अनुमतीमा मनोविमर्शकर्ताले पेश गर्नु पर्ने छ ।

# परिच्छेद -९ विविध

## व्याख्या गर्ने वा वाधा अड्काउ फुकाउने अधिकार:

कार्यविधीमा थप व्याख्या गर्ने वा वाधा अड्काउ फुकाउने अधिकार मानसिक तथा मनोसामाजिक समस्या प्रभावित व्यक्तिहरुको लागि विशेष सहयोग समितिको वैठकले गर्न सक्ने छ भने यस कार्यविधीका अनुसुचीहरु अभिन्न अंगको रुपमा रही कार्यान्वयनमा आउनु पर्ने छ ।

# अनुसूचीहरु :

## अनुसुची : १ सिफारीस फारम

नाम.......................................................  मितिः.............................

उमेर/लिङ्ग................................................  सत्र संख्या........................

हालको ठेगाना : ........................................... उप/महा/नगर/गाउँ पालिका वडा नं. ..

सम्पर्क नंः ..................................

स्थायी ठेगाना : ............उप/महा/नगर/गाउँ पालिका वडा नं. ....... सम्पर्क नंः .......................

अभिभावकको नामः....................................

१. सेवाग्राहीको आशा/अपेक्षाहरू :

२. पुऱ्याइएको सहयोग :

३. सेवाग्राहीमा परेको प्रभाव :

४. घटनाको विवरण :

५. सिफारिस गर्नुपर्ने कारण :

६. संलग्न कागजात यदि भएमा

सिफारिस गर्ने

...........................

हस्ताक्षर

सिफारीस कर्ताको नाम : .......................मिति

सिफारिस लिने संस्थाको नाम

हस्ताक्षर

सम्पर्क व्यक्तिः

सम्पर्क नं. :

सम्पर्क ठेगानाः

## अनुसुची : २    सहयोग मागको निवेदन ढाँचा

श्री संयोजक ज्यु,                                                       मिति ....................

मानसिक तथा मनोसामाजिक समस्या प्रभावित व्यक्तिहरुको लागि विशेष  सहयोग समिति

...................पालिका रुपन्देही

**विषय : उपचार खर्चको लागी सहयोग गरी पाउँ भन्ने वारे ।**

प्रस्तुत विषयमा शुद्धोधन गाउंपालिका वडा नं..................वस्ने वर्ष...............को म............................... लामो समयदेखि मनोसामाजिक तथा मनोसामाजिक समस्यावाट प्रभावित भएको र उपचारको लागी आवश्यक सुचना र आर्थिक कारण  औषधी उपचारको लागी आवश्य सहयोग गरी दिनु हुन हार्दिक अनुरोध गर्दछु साथ औषधी र उपचार पश्चात आवश्यक विल भरपाई पेश गर्ने व्यहोरा समेत जानकारीको लागी अनुरोध छ ।

सहयोगको लागी धन्यवाद

**निवेदक :**

**नाम** ......................................................

**ठेगाना**......................................................

**सम्पर्क नम्वर**..............................................

**सेवाग्राही र निवेदक विचको नाता** .......................

**मिति**............................................................

## अनुसूची : ३ सहयोग मागको निवेदनको ढाँचा

मिति : २०............................

श्री संयोजक ज्यु,
मानसिक तथा मनोसामाजिक समस्या प्रभावित व्यक्तिहरुको लागि विशेष  सहयोग समिति
...................पालिका रुपन्देही

**विषय : खर्च अनुसारको रकम पाउँ भन्ने वारे ।**

**उपरोक्त सम्वन्धमा ...............पालिकामा रहेको** मानसिक तथा मनोसामाजिक समस्या प्रभावित व्यक्तिहरुको लागि विशेष  सहयोग समितिको निर्णय अन्तर्गत..................................को मनोचिकित्सकीय उपचारको लागी मिति.................................मा...................................गई उपचार गर्दा निम्न अनुसारको खर्च भएको कारण निम्म अनुसारको खर्च निकासा गरी सहयोग गरीदिनु हुनु हार्दिक अनुरोध गर्दछौ

**तपशिल**

| क्र.स. | खर्च शिर्षक | परीमाण | खर्च रकम | कैफियत |
|---|---|---|---|---|
| १ | औषधी खर्च | | | विल अनुसार |
| २ | डाक्टर परीक्षण खर्च वा टिकट खर्च | | | विल अनुसार |
| ३ | ल्याव खर्च | | | |
| ४ | आतेजाते वसभाडा खर्च | | | वास्तवीकता अनुसार |
| ५ | स्थानिय गाडी वा अटो भाडा | | | वास्तवीकता अनुसार |
| ६ | खाना खाजा (स्वीकृति लिई) | | | |
| ७ | आवास खर्च (पुर्वस्वीकृति लिई) | | | |
| ८ | अन्य (खुलाउनु होस)......... | | | |

**निवेदक :**

**प्रमाणीत गर्नेको नाम :.................................................**  **नाम ....................................................**

**पद .....................मिति................................................. हस्ताक्षर**

**स्वीकृत गरेका रकम.............................**  **ठेगाना....................................................**

**मिति .........................................................**  **सम्पर्क नम्वर...........................................**

**टिप्पणी ......................................................................... सेवाग्राही र निवेदक विचको नाता ......................**

**मिति............................................................**

## अनुसुची : ४ सहयोग प्राप्त सेवाग्राहीको दर्ता किताव नमुना :

| क.स | सेवाग्राहीको नाम | ठेगाना | उमेर | लिङ्ग | घटनाको विवरण | प्रभाव वा असर | गरेको सहयोग | आएको परिवर्तन | पहिलो पटक भेटेको मिति | लागेको खर्च | उपचार गरेको स्थान वा अस्पताल |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | | | | |
| २ | | | | | | | | | | | |
| ३ | | | | | | | | | | | |
| ४ | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

## अनुसुची : ५ सेवाहरुको नक्साकंन र सिफारीस सयन्त्र

जोखिममा रहेका महिला तथा बालबालिकाहरुलाई आवश्यक संरक्षण र पुर्नस्थापनाका लागि विभिन्न सेवाहरु प्रदान गर्नका लागि जिल्ला तथा स्थानीय तहमा बिभिन्न सरकारी तथा गैरसरकारी निकायहरुले सेवाहरु प्रदान गरिरहेका छन् । बिभिन्न सरकारी तथा गैरसरकारी निकायहरुले प्रदान गरिरहेका सेवाहरुकोबारेमा सबैलाई जानकारी हुनु आवश्यक छ । जानकारीको कमी वा बालबालिकाहरुको क्षेत्रमा काम गर्ने  नगरपालिका, गाउँपालिका तथा जिल्ला स्तरमा रहेका बिभिन्न सरकारी तथा गैरसरकारी निकायहरुको वीच समन्वयको अभावले गर्दा महिला र बालबालिकाले पाउने सेवाहरुबाट बञ्चित हुन नपरोस् भन्ने सुनिश्चित गर्नको लागि बिभिन्न सरकारी तथा गैरसरकारी संस्थाहरुले प्रदान गर्ने उपलब्ध सेवाहरुको नक्सांकन नै संस्था तथा सेवाहरुको नक्शांकन हो ।

**पैसा नलाग्ने स्थायी हेल्पलाईन(Help Line)हरू(देशव्यापी लैंगिक हिंसाको लागि)**

- प्रहरी अपराध सूचना संकलन हेल्प लाईन:
- प्रधानमन्त्रिको कार्यालय  (मानव अधिकार लैङ्गिक हिंसा सशक्तिकरण शाखा) :
- राष्ट्रिय महिला आयोग :
- प्रहरी :
- सिविन (बालबालिका)
- मनोसामाजिक
- शिक्षण अस्पतालको आत्महत्या रोगथाम विभाग :

**जिल्ला बाहिर सिफारिस गर्नु परेमा**

| सेवाको विवरण | संस्था | स्थान | सम्पर्क व्यक्ति | सम्पर्क नं. | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

### प्रदेश तहमा सहयोगी निकाय

| क.सं. | कार्यालयको नाम | सम्पर्क व्यक्ति | पदीय जिम्मेवारी | सम्पर्क नम्बर |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

### महिला तथा बालबालिकाको लागि सेवा प्रदान गर्ने जिल्ला स्थित वा प्रदेश भित्रका सरकारी निकाय, आयोग तथा सञ्जालहरु,

| क.सं. | कार्यालयको नाम | सम्पर्क व्यक्ति | पदीय जिम्मेवारी | सम्पर्क नम्बर |
|---|---|---|---|---|
| १. | | | | |
| २. | | | | |
| ३. | | | | |
| ४. | | | | |
| ५. | | | | |
| ६. | | | | |
| ७. | | | | |
| ८. | | | | |

गउंपालिका स्तरका सेवा प्रदायकहरु (सरकारी र गैरसरकारी)

| क. सं. | शाखा वा संस्थाको नाम | सम्पर्क व्यक्ति | पदीय जिम्मेवारी | सम्पर्क नम्बर |
|---|---|---|---|---|
| १. | महिला तथा वालवालिका शाखा | …… | | |
| २ | | | | |
| ३. | | | | |
| ४ | | | | |
| ५ | | | | |
| ६ | | | | |
| ७ | | | | |
| ८ | | | | |
| ९ | | | | |
| १० | | | | |

हिंसा पीडितको लागि सेवाका प्रकार र सेवा प्रदायक निकाय वा संस्थाहरुः

| सेवाको विवरण | संस्था | स्थान | सम्पर्क व्यक्ति | सम्पर्क नं. | कैफियत |
|---|---|---|---|---|---|
| बाल संरक्षण मनोसामाजिक परामर्श सेवा | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| औषधि उपचार | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| सुरक्षा सेवा | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| घटना व्यवस्थापन तथा कानुनी सहायता . | | | | | |
| | | | | | |
| | | | | | |
| अन्य……… | | | | | |
| | | | | | |

गाउँ कार्यपालिकाबाट स्वीकृत मिति०/२०८१ -:७/२३

आज्ञाले

विष्णु बहादुर घर्ती

प्रमुख प्रशासकीय अधिकृत